कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD. 2057 25th RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १३३ | वि.सं. २०८३ भदौ ९ मंगलवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल द्वादशी | Tuesday 25 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### नेकपाभित्र मन्त्री छनौटमा भाँडभैलो जारी

# कर्णालीको विवाद मिलाउने जिम्मेवारी प्रचण्ड–माधवलाई

**'संघीयताको मर्मअनुरूप चल्न पनि नसक्ने, साना-साना कुरामा पनि केन्द्रको मुख ताक्ने परिपाटी अझै पनि कायम हुने हो भने यो सरकार खारेज गरेर तत्काल चुनावमा जानुपर्ने अवस्था मैले देख्छु । जनताको चाहनाभन्दा पनि कुर्चीको खेलमै लाग्ने यी दलले कर्णाली बनाउँछन् जस्तो लाग्दैन ।'**

**ओम शाही**
**सुर्खेत, ८ साउन ।**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मा आन्तरिक कलहका कारण कर्णाली प्रदेश सरकारले चार हप्तासम्म पनि पूर्णता पाउन सकेको छैन । १२ साउनमा मुख्यमन्त्री नियूक्त भएका नेकपा संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री मंगलबहादुर शाहीले २८ दिनसम्म पनि आफ्नो पार्टीबाट मन्त्री छान्न सकेका छैनन् ।

मन्त्रीका लागि आंकाक्षी धेरै हुँदा नेकपामा कसलाई सरकारमा पठाउने भन्ने विषयमा लफडा भइरहेको छ । नेकपा एमालेको समर्थनमा मुख्यमन्त्री भएका शाहीले तीन सातापछि ३ भदौमा मन्त्रिपरिषद् विस्तार गरेका थिए ।

भागवण्डाको सहमति अनुसार ६ मन्त्रालयमा मुख्यमन्त्रीसहित चार नेकपाले र तीन एमालेले लिने सहमति अनुसार शाहीले एमालेका मन्त्री लिएर सरकार विस्तार गरेका थिए । मुख्यमन्त्री शाहीले विश्वासको मत लिनुपूर्व एमाले संसदीय दलका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री यामलाल कँडेलसँग भएको छलफलपछि एमालेले तीन जनालाई मन्त्रीपरिषद्मा पठाएको थियो ।

सहमति अनुसार एमालेका तर्फबाट सरकारको नेतृत्व गर्दै टेकराज पछाईले आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पाएका थिए । यस्तै, एमालेका तर्फबाट जितबहादुर मल्ल सामाजिक विकास मन्त्रालय र कलबहादुर हमालले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको जिम्मेवारी पाएका थिए ।

दुई दलबीच भएको सहमति अनुसार नेकपाले मख्मयन्त्रीसहित भुमि व्यवस्था, कृषि तथा सहकारी, भौतिक पूर्वाधार तथा शहरी विकास, भौतिक पूर्वाधार तथा शहरी विकास र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पाएको छ ।

सुरुमा एमालेसँग भागवण्डाको विषयमा कुरा नमिल्दा मन्त्रीपरिषद् विस्तारमा बिलम्व भएको बताइएपनि अहिले आफ्नै दलमा कसलाई मन्त्री बनाउने भन्ने विषयमा मुख्यमन्त्री शाहीले निर्णायक भूमिका निभाउन सकेका छैनन् । नेकपा स्रोतका अनुसार शाहीले मन्त्रीको नाम टुङ्गो लगाउन नसकेपछि पार्टी केन्द्रलाई गुहारेका छन् ।

शाहीले नेकपा संयोजक पुष्पकमल दाहाल

बाँकी ३ पेजमा




## प्रचण्ड-माधवले छान्दैछन् मन्त्री

पार्टीभित्र सहमति नजुट्दा मन्त्री छान्ने जिम्मेवारी प्रचण्ड र नेपाललाई दिइएको छ । मुख्मयन्त्री शाहीले सोमबार बिहान ११ (८ भदौ) बजे नेकपाबाट तीन मन्त्री नियूक्त गरी मन्त्रीपरिषद् विस्तार गर्ने तयारी गरेका थिए । त्यसको जानकारी प्रदेश प्रमुखको कार्यालयलाई समेत गराइएको थियो ।

प्रदेश प्रमुखको कार्यालयले मुख्यमन्त्रीको आग्रह बमोजिम शपथको तयारी पनि गरेको थियो । शाहीले विष्ट, लामा र खड्कालाई मन्त्री नियूक्त गर्न लागेको चर्चा थियो । तर, शाहीले अन्तिम समयमा आएर प्रदेश प्रमुख यज्ञराज जोशी समक्ष मन्त्रीहरुको शपथ ११ भदौमा सार्न अनुरोध गरेपछि मन्त्रीको शपथ स्थगित हुन पुग्यो ।

अन्तिम सयमसम्म पनि मुख्यमन्त्रीले प्रदेश प्रमुखको कार्यालयमा मन्त्रीहरुको नामावली पठाउन नसकेपछि अन्ततः पद तथा गोपनियताको शपथ रोकिएको हो । महिनौसम्म सरकारको नेतृत्व गरिरहेको दलले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेको भन्दै सरकारको चर्को आलोचना भइरहेको छ ।

नागरिक समाजका अगुवासमेत रहेका मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन पिताम्बर ढकालले सरकारको नेतृत्व गरिरहेको दलमै मन्त्री छान्ने विषयमा भइरहेको रस्साकस्सीलाई लज्जास्पद संज्ञा दिए । उनले भने, 'संघीयताको मर्मअनुरुप चल्न पनि नसक्ने, साना-साना कुरामा पनि केन्द्रको मुख ताक्ने परिपाटी अझै पनि कायम हुने हो भने यो सरकार खारेज गरेर तत्काल चुनावमा जानुपर्ने अवस्था मैले देख्छु । जनताको चाहनाभन्दा पनि कुर्चीको खेलमै लाग्ने यी दलले कर्णाली बनाउँछन् जस्तो लाग्दैन ।'

## समाजवादीले पनि खोजिरहेको छ भाग

नेकपामा मन्त्री छनौटमा पूर्वसमाजवादी फ्याक्टरले पनि काम गरिरहेको छ । तत्कालीन नेकपा एकीकृत समाजवादीले समेत भाग खोजेपछि मन्त्रिपरिषद् विस्तार अन्यौलमा परेको हो । समाजवादीले पार्टी एकताको सन्देश दिन आफूहरूलाई पनि मन्त्रिपरिषद्मा समेट्नु पर्ने अडान छाडेको छैन ।

पूर्वसमाजवादीले कल्याणी खड्कालाई मन्त्री बनाउन खोजेको छ । नेकपाका १३ सांसद मध्ये खड्का पूर्वसमाजवादी धारकी एक्ली सांसद हुन् । नेकपाका कर्णाली प्रदेश इन्चार्ज चन्द्रबहादुर शाहीले दुई वाम घटक एकताको सन्देश दिन सरकारमा पूर्वसमाजवादी धारलाई पनि समावेश गराउनुपर्ने बताउँदै आएका छन् ।

शाही पूर्वसमाजवादी भएकाले पनि सरकारमा शक्ति सन्तुलनको आधार खोजेको बताइन्छ । नेकपा स्रोतका अनुसार समाजवादीलाई मन्त्री दिने विषयमा नेकपा प्रदेश तहका नेताहरू सकरात्मक देखिएका छैनन् । उनीहरुले पूर्वमाओवादी धारका व्यक्तिलाई मन्त्री बनाउन खोज्दा यो विषय थप पेचिलो बनेको छ । इन्चार्ज शाहीले पार्टी केन्द्रमा मन्त्रीका आकांक्षीको लिष्ट पठाइएको तर, प्रचण्ड र नेपालले फाइनल नगरेपछि शपथ रोकिएको दावी गरे ।

'हामीले विभिन्न कोणबाट समावेशी बनाएर मन्त्री छान्ने विषयमा छलफल गरेका थियौं,' उनले भने, 'मन्त्रीका आकांक्षी धेरे भएपछि यसको टुङ्गो लगाउन संयोजक र सहसंयोजकलाई जिम्मा लगाइएको छ । एक दुई दिनमा उहाँहरुले टुङ्गो लगाउँनु हुन्छ,' उनले भने ।

त्यस्तै, मन्त्री छनौटमा मुख्यमन्त्री शाही र नेकपा कर्णाली प्रदेश संयोजक विमला केसीले एकलौटी गर्न खोजेको आरोपसमेत छ । उनीहरुले कुनै छलफल नगरी मन्त्री छनौटमा एकलौटी गरेको भन्दै केही सांसदहरुले पार्टी

बाँकी ३ पेजमा

## पर्यटन प्रवर्द्धन गर्न सातबुँदे घोषणापत्र जारी




**युग संवाददाता**
**बाँके, ८ भदौ ।**

पर्यटन व्यवसायीले नेपालगन्ज-पोखरा, नेपालगन्ज-जनकपुरलगायत सम्भावित नयाँ हवाई गन्तव्यलाई जोडेर नियमित तथा प्रभावकारी उडान गर्न आग्रह गरेका छन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँके च्याप्टरले आफ्नो सातौं स्थापना दिवसका अवसरमा सातबुँदे घोषणापत्र जारी गर्दै यसबाट यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ ।

नेपालगन्ज विमानस्थललाई पश्चिम नेपालको प्रमुख पर्यटन प्रवेशद्वारका रूपमा विकास गर्न सम्बन्धित सरकारी निकाय, विमान सेवा प्रदायक तथा निजी क्षेत्रसँग निरन्तर समन्वय गरिने उल्लेख गर्दै बाँके तथा आसपासका धार्मिक गन्तव्यलाई एकापसमा जोडेर धार्मिक पर्यटन सर्किट विकास गरिने घोषणपत्रमा जनाइएको छ ।

बागेश्वरी-बाबा बर्फानी-सन्तानेश्वर-गोवर्द्धन धाम-भुवर भवानीलगायतका गन्तव्यलाई एउटै पर्यटन प्याकेजमा आबद्ध गर्दै कैलाश मानसरोवर, लुम्बिनी, रारा तथा अन्य प्रमुख धार्मिक तथा आध्यात्मिक गन्तव्यसँग नेपालगन्जलाई जोड्ने अभियान सञ्चालनका लागि पहल गरिने उल्लेख छ ।

भारतीय पर्यटकलाई लक्षित गर्दै रुपैडिहा नाकासम्म सहज आवागमन, पर्यटकमैत्री सीमा व्यवस्थापन, ग्रिन लाइन तथा स्मार्ट बोर्डर अवधारणाका लागि सम्बन्धित निकायसँग सहकार्यमा जोड दिँदै च्याप्टरले धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको अपार सम्भावना बोकेको बाँके-बर्दियालाई लुम्बिनी प्रदेश तथा कर्णाली र सुदूरपश्चिमका प्रमुख गन्तव्यसँग जोड्दै पर्यटनलाई स्थानीय अर्थतन्त्र, रोजगारी र समृद्धिको आधार बनाउने उद्देश्य राखिएको छ ।

नाट्टा बाँके च्याप्टरका अध्यक्ष डिल्लीराज रेग्मीले भने, "हामीले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि नयाँ अवधारणा अघि सारेका छौँ, यसले यहाँको बजारलाई गति दिने छ ।" उनले भारतीय पर्यटकलाई आकर्षण गर्न, नयाँ पर्यटन प्याकेज निर्माण, 'डिजिटल' प्रचार-प्रसार, पर्यटन व्यवसायीको क्षमता अभिवृद्धि तथा सरकारी, निजी र समुदायबीच सहकार्यलाई प्राथमिकतामा राख्दै च्याप्टरले सातबुँदे प्रतिबद्धता घोषणा जारी गरेको उल्लेख गरे ।

पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुऱ्याउन डिजिटल माध्यमको प्रभावकारी उपयोग गरिने भन्दै नाट्टाले सामाजिक सञ्जाल, डिजिटल सामग्री, दृश्य सामग्री तथा आधुनिक प्रचार प्रणालीमार्फत पर्यटन गन्तव्यको 'ब्रान्डिङ' र बजार विस्तार गरिने जनाएको छ ।

विशेषगरी नेपाल-भारत सीमाबाट भित्रिने भारतीय तथा अन्य पर्यटकलाई लक्षित गरी सीमा क्षेत्र पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिने जानकारी दिँदै सहज सूचना, पहुँच, सेवा र पर्यटनमैत्री वातावरण निर्माणका लागि सम्बन्धित निकायसँग सहकार्य गरिने अध्यक्ष रेग्मीले बताए ।

पर्यटन गन्तव्यको विकासदेखि प्रचार-प्रसार, पूर्वाधार, सेवा, बजार विस्तार र व्यावसायिक अवसर सिर्जनासम्म स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितालाई सुनिश्चित गर्दै 'साझेदारीमा पर्यटन, पर्यटनबाट समृद्धि'को अभियान अघि बढाइने पनि घोषणापत्रमा उल्लेख गरिएको छ ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# पुनर्निर्माणको कामले गती लेओस्


जाजरकोट भूकम्प गएको झन्डै तीन वर्ष पुग्न लाग्दा सरकारले बल्ल पुनर्निर्माणको काम अघि बढाएको छ। भेरी नगरपालिका-१, रावत गाउँकी कौशिला विकको घर शिलान्यास गर्दै सुरु गरिएको पुनर्निर्माण अभियानले भूकम्पपीडितमा आशा जगाएको छ। तर, पुनर्निर्माणको काम यति लामो समयसम्म अलपत्र पर्नु आफैंमा राज्यको विपद् व्यवस्थापन क्षमतामाथीको गम्भीर प्रश्न हो। १७ कात्तिक २०८० मा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पले जाजरकोट र रुकुम पश्चिममा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो। दुई जिल्लामा एक सय ५४ जनाले ज्यान गुमाए। जाजरकोटको रावत गाउँमा मात्रै ३४ जनाको मृत्यु भयो। कौशिलाले नाति गुमाइन्, घर गुमाइन् र त्यसपछि अस्थायी टहरामा जीवन बिताउन बाध्य भइन्। उनी जस्तै हजारौं नागरिकका लागि भूकम्पको पीडा अझै सकिएको छैन। सरकारले सुरुवाती उद्धार र राहतपछि पुनर्निर्माणलाई तीव्रता दिन नसक्दा पीडित नागरिकले बर्षौंसम्म अस्थायी आवासमै जीवन बिताउनुपऱ्यो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विस्तृत क्षति मूल्यांकनअनुसार जाजरकोटमा मात्रै करिब २९ हजार घरधुरी प्रभावित छन्।

तीमध्ये करिब १५ हजार घर पुनर्निर्माण र १३ हजार घर प्रबलीकरण गर्नुपर्ने अवस्था छ। यसले समस्या कति ठूलो छ भन्ने स्पष्ट गर्छ। लाभग्राही पहिचान, प्रमाणीकरण र कार्यविधिमा देखिएका समस्यालाई पुनर्निर्माण ढिलाईको कारण मानिएको छ। तर, यस्ता प्रशासनिक र प्रक्रियागत जटिलताको भार नागरिकलाई बोकाउनु न्यायोचित हुँदैन। विपद् पछि राज्यको पहिलो दायित्व नै प्रभावित नागरिकलाई सुरक्षित र सम्मानजनक जीवनमा फर्काउनु हो। कागजी प्रक्रिया पूरा गर्न वर्षौं लाग्ने हो भने विपद् व्यवस्थापनको अर्थ नै कमजोर हुन्छ। सरकारले सामान्य प्रभावितका लागि चार लाख रुपैयाँसम्म अनुदान र आफैं घर बनाउन नसक्ने एकल महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि 'शून्य लागत'मा घर निर्माण गर्ने योजना अघि सारेको छ। यो सकारात्मक पहल हो। तर घोषणा र शिलान्यासमा सीमित नभई समयमै बजेट निकासा, प्राविधिक सहयोग र निर्माणको नियमित अनुगमन आवश्यक छ।

भेरी र नलगाड नगरपालिकामा लाभग्राही छनोट भइसकेको अवस्थामा अब पुनर्निर्माणले गति लिनुपर्छ। एक घरबाट सुरु भएको अभियान हजारौं घरसम्म पुग्नुपर्छ। एक वर्षभित्र सात हजार घर निर्माण गर्ने लक्ष्य राखिएको छ भने त्यसका लागि स्पष्ट कार्यतालिका, जिम्मेवारी र जवाफदेहिता निर्धारण गरिनुपर्छ। ढिलै भए पनि पुनर्निर्माण सुरु हुनु सकारात्मक छ। अब सरकारले विगतको ढिलाइलाई बहानाका रूपमा होइन, सिकाइका रूपमा लिनुपर्छ। भूकम्पपीडितलाई फेरि आश्वासन होइन, सुरक्षित घर चाहिएको छ। त्यसैले शिलान्यासपछि निर्माण रोकिनु हुँदैन। राज्यले अब हरेक पीडितको घरमा पुनर्निर्माणको भरोसा पुऱ्याउनुपर्छ। राज्यको पहिलो दायित्व नै विपद्मा परेका नागरिकको जीवन सुरक्षा गर्नु हो। दुखमा परेका नागरिकको समयमै व्यवस्थापन गर्न सकिएन भने लोककल्याणकारी राज्यको अवधारणा पुरा हुनसक्दैन। राज्यले हरेक नागरिकको सुरक्षित जीवनयापनको वातावरण तय गर्न कुनै कसरत बाँकी राख्नु हुँदैन। दुखमा परेका नागरिकको अभिभावकीय जिम्मेवारीमा रहेर काम गर्नु राज्यको पहिलो र अनिवार्य दायित्व हो।

## विश्व

# न्युजिल्यान्डले बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउन




**वेलिङ्टन, ८ भदौ ।**
न्युजिल्यान्ड सरकारले १६ वर्षमुनिका बालबालिकालाई इन्स्टाग्राम, टिकटक, फेसबुक र स्न्यापच्याटजस्ता सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने कानून अघि बढाएको छ। सरकारले सामाजिक सञ्जालका कारण बालबालिकाको मानसिक स्वास्थ्य, निद्रा, पारिवारिक जीवन र शिक्षामा असर परेको भन्दै कडा उमेर सीमा प्रस्ताव गरेको हो।

प्रधानमन्त्री क्रिस्टोफर लक्सनले बालबालिकामाथि सामाजिक सञ्जालको बढ्दो प्रभाव स्वीकार गर्न नसकिने बताए। उनका अनुसार १३ देखि १७ वर्ष उमेर समूहका तीनमध्ये एक बालबालिकाले दैनिक कम्तीमा पाँच घण्टा सामाजिक सञ्जालमा बिताउने गरेका छन्। सामाजिक सञ्जालले उनीहरूलाई हानिकारक सामग्री, लत लगाउने प्रविधि र मानसिक दबाबको जोखिममा पारिरहेको उनको भनाइ छ।

प्रस्तावित व्यवस्थाअनुसार सामाजिक सञ्जाल कम्पनीले प्रयोगकर्ताको उमेर १६ वर्षभन्दा बढी भए-नभएको सुनिश्चित गर्नुपर्नेछ। त्यसका लागि खाता विवरण, अनुहारबाट उमेर अनुमान गर्ने प्रविधि, डिजिटल परिचयपत्र वा औपचारिक परिचयपत्र प्रयोग गर्न सकिनेछ। नियम उल्लङ्घन गर्ने मेटालगायत कम्पनीलाई विश्वव्यापी राजस्वको १० प्रतिशतसम्म जरिवाना हुन सक्नेछ। बालबालिका वा उनीहरूका अभिभावकलाई भने दण्ड नहुने शिक्षामन्त्री एरिका स्ट्यानफोर्डले बताए।

तर प्रस्तावित कानूनलाई राजनीतिक चुनौतीसमेत देखिएको छ। सरकारमा सहभागी एक्ट पार्टी र एनजेड फर्स्टले यसको विरोध गरेका छन्। अस्ट्रेलियामा यस्तै व्यवस्था प्रभावकारी नभएको र किशोरकिशोरीले प्रतिबन्ध छल्न सक्ने उनीहरूको तर्क छ। मुख्य विपक्षी लेबर पार्टीले पनि उमेर प्रमाणीकरण कसरी गरिने र कुन प्लेटफर्मलाई प्रतिबन्धमा समेटिने भन्ने विषयमा थप स्पष्टता मागेको छ। लेबरका प्रवक्ता रुबेन डेभिडसनले अनलाइन वातावरण जटिल बन्दै गएकाले युवाको सुरक्षासम्बन्धी जोखिमलाई गम्भीर रूपमा लिनुपर्ने बताए।

अस्ट्रेलियाले गत डिसेम्बरमा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विश्वकै पहिलो कानून लागू गरेको थियो। बेलायत, फ्रान्सलगायतका देशले पनि यस्तै उपाय अघि बढाएका छन्। यद्यपि, गत जुनमा प्रकाशित एक अध्ययनले अस्ट्रेलियाको प्रतिबन्धपछि किशोरकिशोरी सामाजिक सञ्जालबाट उल्लेख्य रूपमा टाढिएको प्रमाण निकै कम रहेको देखाएको थियो।

## १९२३ को सन्धि :

# नेपाललाई विश्व समुदायमा प्रवेश गराउने कूटनीतिक द्वार



✍ **डा. टीका ढकाल**

नेपालमा सन्धिहरूबारे हुने अधिकांश छलफलको सामूहिक ऊर्जा सन् १८१६ को सुगौली सन्धि वा सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिमाथि खर्च हुन्छ।

अङ्ग्रेजसँगको युद्धपछि सम्पन्न सुगौली सन्धिले खुम्चिएको भूगोलभित्र नेपालको पूर्ववत सार्वभौमिकतालाई स्वीकार गरेको थियो, तर बेलायती साम्राज्यको व्यवहारमा त्यो स्वीकारोक्ति लामो समयसम्म प्रकट नभएको तथ्य बलियो गरी उजागर हुन सकेको छैन।

सन् १९२३ को सन्धिको ऐतिहासिक परिवेश अध्ययन गर्ने क्रममा यसलाई स्पष्टसँग बुझ्न सकिन्छ र उक्त सन्धि किन आवश्यक थियो भन्ने बोध हुन्छ।

अर्कातिर, क्रान्तिको सामना गरिरहेको कमजोर राणा शासनले भर्खरै स्वाधीन भएको स्वप्नशील एवं महत्त्वाकांक्षी भारतसँग हस्ताक्षर गरेकाले सन् १९५० को सन्धिमाथिका छलफलहरू पक्ष-विपक्षका राजनीतिक कथ्यबाट प्रभावित हुने गर्दछन्।

उक्त सन्धि वर्तमान नेपालको ऐतिहासिक वास्तविकता भए पनि यसका 'यथार्थवादी' (रियलिस्ट) परिणतिलाई नयाँ कल्पनाशीलतामार्फत अघि बढाउने प्रभावकारी संकथन हालसम्म नेपालले निर्माण गर्न सकेको छैन।

भारतले पटक-पटक आग्रह गर्दा समेत हाम्रो राष्ट्रिय चिन्तनको सामूहिक क्षमताले उक्त सन्धिको संशोधन गर्ने वा विकल्प पेस गर्ने सामर्थ्य राख्न सकेन।

अब त्यसको संशोधन गर्ने वा विकल्प खोज्ने बहसमा समय खेर फाल्नुको औचित्य सकिइसकेको छ।

नेपालले त्यस सन्धिलाई ऐतिहासिक वास्तविकताका रूपमा स्वीकार गरेर अघि बढ्नु पर्दछ। जसरी सुगौलीले निर्माण गरेको यथार्थ स्वीकार्दै जंगबहादुरले सन् १८६० मा आफ्नो समयको 'उत्कृष्ट' पुनर्स्थापना सन्धि (रेस्टोरेसन ट्रिटी) गर्न सके, वा जसरी त्यही यथार्थका बीचबाट चन्द्र शमशेरले सन् १९२३ को मैत्री सन्धि गर्न सके, त्यत्तिकै वा त्योभन्दा बढी सक्षमताका साथ अघि बढ्नुपर्ने राष्ट्र आज इतिहासको बन्दी बनिरहेको छ। त्यसका लागि नयाँ कल्पनाशीलता र इतिहासचेतको सम्मिश्रण आवश्यक छ।

सुगौली र सन् १९५० को सन्धिका परिघटनाबीच अवस्थित सन् १९२३ को नेपाल-बेलायत मैत्री सन्धिमाथि हुने पर्याप्त बहसले नेपाली कूटनीति, समाज र राज्यप्रणालीको मौलिकता बुझ्न आवश्यक पर्ने सकारात्मक ऊर्जा प्राप्त हुन सक्दछ।

यद्यपी, यस ऐतिहासिक दस्तावेज र त्यससँग जोडिएका घटनाक्रम ओझेलमा पर्नुका आफ्नै कारणहरू छन्।

राणा शासनपछिका प्रजातन्त्र र राजतन्त्र दुवैले राणा निरङ्कुशताका बीचमा प्राप्त प्रभावशाली उपलब्धिलाई पर्याप्त श्रेय दिन स्वाभाविक अनिच्छा देखाए।

सात सालको परिवर्तनअघि एक शताब्दीभन्दा बढी समयसम्म शाहवंशीय राजाहरूलाई राणा प्रधानमन्त्रीत्वको वैधानिकता पुष्टि गर्ने माध्यम मात्र बनाएकाले राजा महेन्द्र र राजा वीरेन्द्रको पञ्चायती व्यवस्थामा यसको श्रेय राणाहरूलाई दिइएन, भलै राणा परिवारसँग जंगबहादुरकै पालादेखि स्थापित दरवारको पारिवारिक सम्बन्ध भने कायमै रह्यो।

राजनीतिक कार्यकर्ता, नेतृत्व र दलहरूमाथि गरिएको दमनका कारण प्रजातान्त्रिक शक्तिहरू पनि राणा शासनका कतिपय सकारात्मक उपलब्धिप्रति उदार बन्न सकेनन्।

फलस्वरूप, इतिहासका पुस्तकहरू र पाठ्यक्रमहरूमा १९२३ को ऐतिहासिक दस्तावेजले पाउनुपर्ने स्थान पाएन र यो उपेक्षित प्रायः रह्यो।

सन् १९५१ मार्च १९ मा भारतीय संसदलाई सम्बोधन गर्दै त्यहाँका प्रधानमन्त्री जवाहरलाल नेहरूले भने 'संसद्ले यो कुरा स्मरण गरोस् कि नेपाल एउटा स्वतन्त्र राष्ट्र हो, र एउटा स्वतन्त्र राष्ट्रले अर्को स्वतन्त्र राष्ट्रसँग आफ्ना सर्तहरूमा सम्झौता गर्न सक्छ।'

नेपालको संविधानसभालाई सम्बोधन गर्ने क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यहि सन्देश सन् २०१४ मा पुनर्प्रकट गरेको विषय हाम्रो स्मरणमा छ।

'नेपाल कहिल्यै पराधीन नबनेको' वा 'गौतम बुद्ध नेपालमा जन्मिएको' जस्ता तथ्य जुन सन्तोषका साथ हामी दोहोऱ्याउँछौं र जसरी विश्वका राजनेताहरूले हाम्रो सार्वभौमिकताको अनुमोदन गर्छन्, यो कसरी सम्भव भयो भन्ने तथ्यलाई ऐतिहासिक परिवेशको विश्लेषणसँगै अप्ठ्यारा समयमा यस राष्ट्रले खोजेका प्रश्नको तथ्यपूर्ण प्रामाणिक जवाफले पनि थप स्पष्ट पार्नुपर्छ।

नेपाल सार्वभौमसत्तासम्पन्न रहिरहनुको एउटा कारण पक्कै पनि यसले बेलायती उपनिवेशवादको प्रत्यक्ष मार खेप्नुपरेन।

तर, ब्रिटिसहरूले आजको सम्पूर्णजसो भारत, पाकिस्तान र बंगलादेशदेखि म्यान्मारसम्म आधिपत्य जमाउँदा पनि नेपालतर्फ किन निर्णायक रूपमा अघि बढेनन् ?

बेलायती राजाबाट शासन गर्ने अधिकारसहितको शाही अधिकारपत्र प्राप्त इस्ट इन्डिया कम्पनी आफ्नो आधिकारको भूगोल विस्तार गर्न चाहान्थ्यो।

तर, काठमाडौँसँग व्यापारिक सम्बन्ध र सन्धि-सर्पनद्वारा सम्पर्कित तिब्बत तथा चिनियाँ साम्राज्यको संवेदनशीलताप्रति पनि ऊ सतर्क हुनु स्वाभाविकै थियो।

भौगोलिक रूपमा उत्तरतर्फ उभिएको हिमाली शृङ्खलाजस्तै दक्षिणमा पनि चुरे पहाडका खोंचहरू र त्यसपारिको विकट महाभारत पर्वत शृङ्खलाको सामना गर्नुअघि नै औलो प्रभावित तराईका जङ्गलहरू पहरा दिएर बसेका थिए। यस्तो अवस्थामा निर्णायक सैन्य अभियानका लागि आपूर्ति व्यवस्था स्थापना गर्न कठिन थियो।

त्यसैगरी, एकीकरण अभियानका क्रममा वर्षौंवर्ष युद्ध लडेर परिपक्व बनेका पहाडी सैनिकसँग छापामार युद्धमा मैदानी क्षेत्रका अनियमित फौजहरू टिक्न सक्दैनन् भन्ने कुरा बेलायतीहरूले राम्ररी बुझेका थिए।

सन् १७६७ मा गोर्खालीविरुद्ध कान्तिपुरको सहयोगका लागि क्याप्टेन जर्ज किनलोकको अगुवाईमा आएको बेलायती सैन्य अभियान सिन्धुलीगढीमा निर्णायक रुपले पराजित भएको घटनाबाट यो तथ्य स्थापित थियो। सन् १८१४-१६ को नेपाल-अंग्रेज युद्धले यो पारम्परिक बुझाईमा संशोधन गऱ्यो।

पहाडी पानीढलोबाट अंग्रेजले भारी हातहतियार नेपाली सैन्य शिविर र किल्लासम्म पुऱ्याउन सफल भएपछि नेपालीहरू बहादुरीपूर्वक लड्दालड्दै कतिपय स्थानमा आत्मसमर्पण गर्न वा भाग्न बाध्य भए।

नालापानी जस्तो किल्लामा अंग्रेजले जितेपनि उसका तर्फ ज्यानमालको क्षति नेपालको भन्दा असाध्यै धेरै हुनपुग्यो।

कतिपय स्थानमा नेपाली फौजले शक्तिशाली अंग्रेजलाई पराजित गऱ्यो, उसका होनहार कमान्डरहरूले ज्यान गुमाए।

नेपालमाथि निर्णायक नियन्त्रण गर्नुको आर्थिक एवं मानवीय मूल्य अंग्रेजजस्तो शक्तिशाली साम्राज्यले समेत असाधारण रूपमा चुकाउनुपर्ने भयो।

त्यसैले सन् १८१६ को सुगौली सन्धिद्वारा महाकाली-सतलज र मेची-टिस्टा क्षेत्र गुमाएर खुम्चिएको नेपालमा कलकत्ता-लन्डनप्रति इमानको वचन दिने काठमाडौँका राजा र भारदारहरूद्वारा नै शासन चलाउन दिनु उपयुक्त ठानियो।

यसरी, दक्षिण एसियाली उपमहाद्वीपका क्षेत्रहरू ब्रिटिस साम्राज्यको कब्जामा जाँदा पनि नेपाली राज्य भने आफ्नो छुट्टै अस्तित्व जोगाउन सफल भयो।

सन् १८५० को बेलायत भ्रमणका क्रममा बेलायती साम्राज्यको सामर्थ्य बुझेका जङ्गबहादुर स्वयं सन् १८५७ को भारतीय विद्रोह दबाउन बेलायतीहरूलाई सहयोग गर्न लखनउ र बनारस पुगे।

सन् १८१६ को सुगौली सन्धि र त्यसपछिको डेढ शताब्दीको अवधिमा, काठमाडौँ दरबारले नेपाली नागरिकलाई दुईवटा विश्वयुद्धहरुमा बेलायती सेना भई लड्न अनुमति दियो।

जवाफमा बेलायतले पनि नेपालसँग हुने व्यवहारमा मैत्री र सहयोगको भावना प्रदर्शन गऱ्यो। यसरी निष्ठाको मूल्य चुकाउँदै राणा शासनले नेपाललाई स्वाधीन राख्यो।

उपनिवेशबाट भारतको स्वाधीनतालगत्तै क्रान्तिबाट नेपालमा राणा शासनको अन्त्य भयो। बदलिएको परिवेशमा नेपाललाई पूर्ण रूपमा भारतमा गाभ्नेतर्फ ढल्किएका भारतीय राजनीतिज्ञ र कर्मचारीहरूको बाटोमा दुईवटा कारकहरू तगारो बनेका थिए।

पहिलो, राणा शासन ढाल्न लडिरहेका नेपाली राजनीतिक कार्यकर्ताहरूले 'भारत छोडो' आन्दोलनको पक्ष लिएका थिए र स्वतन्त्रता सेनानीहरूसँग साझा मोर्चा बनाएका थिए।

दोस्रो, सन् १९२३ को बेलायत-नेपाल मैत्री सन्धिको उपस्थिति, जसले नेपालको सार्वभौमिकतालाई निर्विकल्परूपमा मान्यता दिएको थियो।

बेलायतले राणा शासनलाई दृढ समर्थन गरेकाले भारतबाट औपनिवेशिक शासकहरूको बहिर्गमनबिना राणा शासन ढाल्न सकिँदैन भन्ने निष्कर्ष नेपालका प्रजातान्त्रिक नेता र दलहरूले निकालेका थिए।

उनीहरूले भारतीय स्वतन्त्रता आन्दोलनलाई समर्थन गर्ने र भौतिक रूपमै सहभागी हुने निर्णय मात्र गरेनन्, त्यस क्रममा स्वयं बेलायती शासकहरूबाट उत्पीडित भए र जेल परे।

डिल्लीरमण रेग्मी, बीपी कोइराला र मनमोहन अधिकारीहरूको इतिहासले उपनिवेशवादविरुद्ध भारतीय स्वाधीनताको पक्षमा निर्मित नेपाल-भारत साझा क्रान्तिकारी विरासतको प्रतिनिधित्व गर्दछ।

यहि साझा सङ्घर्षका क्रममा विकसित नेपाली र भारतीय नेताहरूबीचको व्यक्तिगत मित्रता नै सन् १९५० मा राणाहरूको पतनलगत्तै नयाँ दिल्लीले नेपाललाई आफ्नै हालमा छाडिदिनुको मुख्य कारक थियो। यसबारेमा अझ पर्याप्त अध्ययन र अनुसन्धान हुन सकेको छैन।

नेपाललाई स्वतन्त्र रहन दिने भारतीय राजनीतिक वर्गको निर्णयमा सन् १९२३ को नेपाल-बेलायत मैत्री सन्धिको योगदान उत्तिकै छ।

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ। नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ।

**वृष** — परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले दौडधुप गराउन सक्छ।

**मिथुन** — प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ।

**कर्कट** — कुनै नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। ईर्ष्या गर्नेहरूले बाधा पुर्याउन सक्छन्। काममा केही चुनौतीहरू देखिनेछन् र फजुल खर्च पनि बढ्नेछ।

**सिंह** — अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ।

**कन्या** — साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ। अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ।

**तुला** — सहयोगीहरूसँग केही असमझदारी बढ्नेछ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। तापनि मिहिनेत गर्दा काम थालनी हुनेछ।

**वृश्चिक** — दिगो काम प्रारम्भ हुनेछ। व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ।

**धनु** — मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। नयाँ अवसर र आम्दानीका स्रोत फेला पर्नेछन्। पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ।

**मकर** — खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। आर्थिक प्रलोभन देखाउनेहरूबाट सजग रहनुहोला। समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन्।

**कुम्भ** — नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। समाजले पदीय दायित्व दिलाउन सक्छ।

**मीन** — पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। बाध्यताले अलमल्याउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला।

# एचआइभीका नयाँ रोगी पहिचान

**◣युग संवाददाता**
**बाँके, ८ भदौ ।**

भेरी अस्पताल, नेपालगञ्जमा एचआइभीका नयाँ रोगी फेला परेका छन् । आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा एचआइभी परीक्षण गर्दा ८३ नयाँ रोगी पुष्टि भएको हो । त्यस वर्ष सात हजार ८०५ जनाको एचआइभी परीक्षण गरिएको थियो ।

अस्पतालका एचआइभी 'फोकलपर्सन' डा सङ्केतकुमार रिसालले सङ्क्रमितलाई शीघ्र एआरटी सेवा प्रदान गरिएको जानकारी दिए । अस्पतालले एचआइभी सङ्क्रमितको पहिचानसँगै उपचारमा निरन्तरता, सङ्क्रमण रोकथाम तथा आमाबाट शिशुमा सङ्क्रमण सर्ने सम्भावना न्यूनीकरणलाई प्राथमिकतामा राख्दै सेवा सञ्चालन गरिरहेको जनाएको छ ।

## नेपाललाई...

किनकी उक्त सन्धिले नेपाललाई उपमहाद्वीपका रजौटा वा प्रशासनिक इकाईभन्दा माथि र सार्वभौम राखिसकेको थियो । यसको श्रेय तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरलाई त जान्छ नै, पहिलो विश्वयुद्धमा बेलायती पक्षबाट लडेर विश्वका अनेक भागमा रगत बगाउने नेपाली नागरिकलाई निःसन्देह जान्छ । नेपलमा २९ वर्षसम्म शासन गरेका चन्द्रशमशेरले आफ्नो कार्यकालको सुरुदेखि नै नेपाललाई अंग्रेज संरक्षित रजौटाहरू भन्दा माथि राखेर सार्वभौम पहिचान दिने सन्धि गर्नुको महत्त्व बुझेका थिए ।

राणा शासनप्रति बेलायतीहरूको दशकौँको सन्तुष्टि र गोर्खा रेजिमेन्टमा नेपाली नागरिकहरूको निरन्तर आपूर्तिको बलमा चन्द्रशम्सेरले लन्डनलाई आफ्नो नजिक राखे ।

बेलायती राजा, राजकुमार र प्रशासकहरूलाई शिकारका लागि आमन्त्रित गरे । त्यसक्रममा विकसित सौहार्दताका अवसरलाई नेपालको राष्ट्रिय उद्देश्यका लागि प्रयोग गरे ।

भारतमा भाइस राय रहिसकेका बेलयाती विदेशमन्त्री लर्ड कर्जन नेपालाई पूर्ण स्वाधीन छाड्ने सन्धिको बिरुद्ध छन् भन्ने थाहा पाएपछि सन् १९२१ मा शिकारकै क्रममा चितवन जंगलको एउटा टेन्टभित्र वेलायतका प्रिन्स अफ वेल्स, जो पछि राजा एडवार्ड आठौँ भए, समक्ष चन्द्र शमशेरले सन्धिको प्रस्ताव गरेका थिए ।यसरी कर्जनले काट्न नसक्ने कूटनीतिक चातुर्यका बलमा नेपालकै प्रस्ताव र दुईवर्षसम्म निरन्तर चलेको वार्ता पश्चात् १९२३ डिसेम्बर २१ (पौष ६, १९८०) का दिन सिंहदरबारमा मित्रताको अहद (मैत्री सन्धि) मा हस्ताक्षर भयो ।

सन्धिको पहिलो धाराले नेपालको स्वतत्रता र सार्वभौमसत्तालाई कबूल गऱ्यो, जुन यसअघि कहिल्यै कसैद्वारा गरिएको थिएन ।

यसको अर्थ नेपालले नयाँ स्वतन्त्रता प्राप्त गऱ्यो भन्ने होइन ।

नेपाल सधैँ स्वतन्त्र रहन सफल भएकै थियो, तर यो सन्धिले तत्कालीन विश्वकै सबैभन्दा ठूलो र एकमात्र शक्तिद्वारा हस्ताक्षर गराई नेपाली सार्वभौमसत्तालाई अन्तर र्राष्ट्रिय मान्यता दिलायो ।

भर्खरै मात्र पहिलो विश्वयुद्धमा विजेता भएर उभिएको तत्कालीन वेलायतको शक्तिको छेउछाउसम्म पुग्ने अन्य राष्ट्र त्यसबेला थिएनन् ।

त्यसकारण बेलायत त्यसबखतको एकमात्र अन्तर्राष्ट्रिय मूल्य-निर्माता (नर्म-मेकर) थियो । उसको वरिपरि विश्व-व्यवस्था संगठित थियो, अनि उसको पदचिन्ह अन्य शक्तिराष्ट्रले पछ्याउँथे । सन् १९२३ को सन्धि लगत्तै उत्तरको तिब्बतले यसको स्वागत गऱ्यो भने अर्का महाशक्तिहरू फ्रान्स र इटालीले आफ्ना प्रतिनिधिमण्डल काठमाडौं पठाई सन्धिको स्वागत मात्र गरेनन्, नेपालसँग छुट्टै स्वतन्त्र सम्बन्ध राख्न प्रस्ताव गरे ।

सन् १९२५ मा दुवै देशका राष्ट्र प्रमुखबाट यस सन्धिको प्रमाणीकरण भयो । त्यसै वर्ष तत्कालीन लिग अफ नेसन्समा सन्धिको अभिलेखीकरण गराउने क्रममा नेपाल र लिग अफ नेसन्सबीच सम्बन्ध स्थापित भयो । यसरी नेपाल एक्लोपनको नीति छोडेर विस्तारै विश्वसमुदाय माझ उपस्थित हुन थाल्यो । वास्तवमा सन् १९२३ को सन्धिकै प्रारूपमा नेपालले त्यसपछिका द्विपक्षीय सन्धिहरू गर्दै आएको छ ।

माथि चर्चा गरिएको सन् १९५० को सन्धिको पहिलो धाराले १९२३ कै सन्धिको पहिलो धारालाई निरन्तरता दिएको छ । सन्धिसम्बन्धी भियना कन्भेन्सन (भियना कन्भेन्सन अन ल अफ ट्रिटिज १९६९)ले अन्तरदेशीय सन्धिहरूमा एकरूपता ल्याउन नयाँ व्यवस्थाहरू गरे पनि पुराना सन्धिले निर्धारित गरेका तथ्यहरू निरन्तर रहन्छन् ।

सन् १९५५ मा संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्न १९२३ को सन्धिले नेपालाई ठूलो मद्दत गऱ्यो ।

हरेकजसो ऐतिहासिक घुम्तीहरू, जहाँ नेपालले आफ्नो स्वतन्त्र र सार्वभौम अस्तित्व सावित गर्नुपर्ने अस्वस्था आयो, ती समयमा यस सन्धिले नेपाललाई अभूतपूर्व सहयोग गरेको छ ।

अनि बेलायतले पनि सन्धिको अर्को पक्षका हैसियतले नेपालका सन्धिजन्य दाबीहरूको पुष्टि गर्न उत्तिकै मद्दत गरेको देखिन्छ ।

हस्ताक्षर गरेकै दिनदेखि यस सन्धिको पनि आलोचना भने नभएको होइन । चन्द्र शमशेरका परिवारभित्रकै कर्णेल भीम नरसिँहले सन्धि भएका दिन 'यिनी हाम्रा टाउकामा गिर खेल्छन्, अंग्रेजले यिनका टाउकामा गिर खेलेको पत्तो पाएनन्' भनी चन्द्र समशेरलाई कटाक्ष गरेको कुरा बालकृष्ण समले आफ्नो आत्मकथा 'मेरो कविताको आराधन'मा लेखेका छन् ।

हृषिकेश शाहले पनि सन्धिको कुनै खास पक्ष उल्लेख नगरी यसको आलोचना गरेको देखिन्छ, यद्यपि उनी राणाहरूले मुलुकको हितमा कतिपय राम्रो काम गरेको भनेर पनि उल्लेख गर्दछन् । तर, धेरैजसो इतिहासकारहरूका मतमा यो सन्धि नेपालको हितमा, नेपालाद्वारा नै प्रस्ताव गरी, लामो वार्तापछि हस्ताक्षर भएको र दुवै देशका राजाहरूले अनुमोदन गरेको उपलब्धि थियो ।

'त्यस बखतको नेपाल'का लेखक भीम बहादुर पाँडे, 'स्ट्राटेजी फर सर्भाइभल'का लेखक लियो रोज, चन्द्र समशेरकै समयमा नेपाल आई बेलायती पत्रपत्रिकामा निरन्तर नेपालबारे लेखेका र पछि 'नेपाल' शीर्षकका दुई खण्ड पुस्तक लेखकका पर्सिभल ल्याण्डन, इतिहासकार जोन व्हेल्प्टन - जसले हाम्रो पुस्तकमा पनि यसै विषयमा अनुसन्धानात्मक लेख लेखेका छन्- आदिले यस सन्धिलाई तत्कालीन नेपालको महत्त्वपूर्ण कूटनीतिक सफलता मानेको देखिन्छ । यसबारे खोज गर्ने क्रममा मेरो विचार पनि यी मूर्धन्य इतिहासकारहरूसँग निकट पुग्न गएको छ । यस सन्धिको श्रेय चन्द्र शमशेरलाई त जान्छ नै, नेपाल राज्यलाई बेलायतसँगको सम्बन्धमा नैतिक शक्ति दिनेगरी पहिलो विश्वयुद्धमा संसारका विभिन्न भागमा पुगी लड्ने नेपालीहरूको बलिदानलाई उत्तिकै कदर गर्नु आवश्यक छ भन्ने मेरो निष्कर्ष हो । हाम्रो पुस्तकले त्यो न्याय गर्ने प्रयास गरेको छ ।

*(लेखक ढकालको सम्पादनमा विभिन्न विद्वानहरूले लेखेका अनुसन्धानात्मक लेख संलग्न रहेको पुस्तक "स्टेट एण्ड क्राफ्टः रिडिङ्स अन द नाइन्टिन ट्वान्टी थ्री नेपाल-ब्रिटेन फ्रेन्डसिप ट्रिटी" आगामी भाद्र १० गते बुधबार सार्वजनिक हुँदैछ ।)*

## समाजवादीले...

केन्द्रमा ध्यानाकर्षण गराएको स्रोतको दावी छ । उनीहरुले मन्त्री छनौंटका विषयमा पार्टीमा पऱ्याप्त छलफल नगरेको र आफुखुशी गरेको आरोप लगाएका छन् ।

प्रदेश संयोजनक केसीले रुकुम पश्चिमले मन्त्री पाउनुपर्ने त्यसमा पनि पूर्वमाओवादी धारकी सांसद मिलन खड्कालाई बोकेर हिँडेको आरोप छ । केसीकै कारण समाजवादीले मन्त्री नपाउन सक्ने बताइएको छ । समाजवादी खड्का पनि रुकुम पश्चिमकै हुन् । तर, केहीले उनलाई नभई मिलन खड्का मन्त्री हुनुपर्ने दवाव दिइरहेको नेकपाका एक सांसदले बताए ।

## कर्णालीको...

(प्रचण्ड) र सहसंयोजक माधव नेपाल समक्ष सात जनाको नाम पठाएको जनाइएको छ । मन्त्रीका आकांक्षी धेरै हुनु, पूर्वनेकपा एकृत समाजवादीले भाग खोज्नु र सुर्खेतका विन्दमान विष्टलाई व्याक गराउन नेकपा भित्र बनेको गुटवन्दीले मन्त्री छनौटको विषय थप पेचिलो बनेको हो । पार्टीले यसअघि अवसर पाइसकेकालाई मन्त्री नबनाउने मापदण्ड तोकेको छ ।

जसमा पार्टीको सचेतक, मन्त्री, विषयगत समितिका सभापति भइसकेकालाई मन्त्री नबनाउने नीति लिइएको छ । यो मापदण्डले काम गरेमा हुम्लाकी जुम्कित लामा, रुकुम पश्चिमकी मिलन खड्का र विष्ट मन्त्री बन्ने निश्चित देखिन्छ ।

विष्ट सार्वजनिक लेखा समितिको सभापति भएपनि कम अवसर पाउने मध्यमा रहेकाले पार्टीले मन्त्री बनाउँन खोजेको नेकपा स्रोत दावी गर्छ । तर, विष्टलाई मन्त्रीबाट ब्याक गराउन मुख्यमन्त्री शाहीलाई पूर्वमाओवादी र समाजवादी धारका नेताहरु नै लागिपरेका छन् ।

नेकपा कर्णाली प्रदेशले विष्ट, लामा र खड्कालाई मन्त्री बनाउन खोजेको छ । 'यसअघि उहाँ (विष्ट) पनि संसदीय दलको नेता बन्ने दौडमा देखिनु भएको थियो,' स्रोत भन्छ, 'अहिले उहाँलाई रोक्न नेताहरुले मुख्यमन्त्रीलाई दवाव दिइरहेका छन् ।' विष्टलाई मन्त्री बनाइएको खण्डमा उनले दिएका जिम्मेवारीमा नबस्ने दवाव दिएपछि मुख्यमन्त्री अफ्ठ्यारोमा छन् ।

## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अवलचिङ्ग, सुर्खेत,**
**कर्णाली प्रदेश, नेपाल**

### प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने बारे सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९)**

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत अन्तर्गत चिङ्गाड गाउँपालिका वडा नं. २, ३, ४ र ५ भएर बग्ने चिङ्गाड खोला र सहायक खोलाहरू (घुवानी खोला, जोगडा खोला, पुष्ङ्ग खोला। को विभिन्न वगर क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका निर्माण सामाग्री उपलब्ध रहेको हुँदा प्रस्तावकले यी सामाग्रीको दिगो एवं वातावरणमैत्री रूपमा संकलन/उत्खनन कार्य गर्न प्रस्ताव गरिएको छ । उक्त प्रस्ताव कार्यान्वयन गर्नुपूर्व वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ तथा चिष्ङ्गाड गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावकको नाम र ठेगाना चिङ्गाड गाउँपालिका, अवलचिङ, सुर्खेत ।

प्रस्तावकको व्यहोरा र प्रभाव पर्न सक्ने जिल्ला/गाउँपालिका तथा वडाहरु ।

| सि न | प्रस्तावको व्यहोरा | प्रभाव पर्न सक्ने जिल्ला / गाउँपालिका तथा वडाहरु |
|---|---|---|
| १. | चिङ्गाड गाउँपालिका वडा नं. २, ३, ४ र ५ भएर बग्ने चिङ्गाड खोला र सहायक खोलाहरू (घुवानी खोला, जोगडा खोला, पुष्ङ्ग खोला) को विभिन्न बगर क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका निर्माण सामाग्री उपलब्ध रहेको हुँदा प्रस्तावकले यी सामाग्रीको दिगो एवं बातावरणमैत्री रूपमा संकलन/उत्खनन् तथा विक्री वितरण गर्न । | सुर्खेत / चिङ्गाड गाउँपालिका<br>वडा नं २, ३, ४ र ५ |

माथि उल्लेखित क्षेत्रहरूमा सामाजिक, भौतिक, आर्थिक, साँस्कृतिक, रासायनिक तथा जैविक बाताबरणमा आयोजना कार्यान्वयन कार्यबाट पर्न सक्ने असरको अध्ययन गर्नका लागि आयोजनाको क्षेत्रभित्र पर्ने गाउँपालिका/विद्यालय/अस्पताल/स्वास्थ्य चौकी तथा अन्य सरोकारवाल व्यक्ति, संघसस्थाबाट लिखित राय सूझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**






| | |
|---|---|
| **चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**<br>अवलचिङ्ग, सुर्खेत<br>टेलिफोन नं. ९७४३३८४४६७<br>इमेल chingadgaunpalika@gmail.com | **मुभ इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.लि.**<br>वीरेन्द्रनगर ०८. सुर्खेत ।<br>टेलिफोन नं. ९८४८११५४०२<br>ईमेल: moveeng1234@gmail.com |

## वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेतको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०५।०९**

यस वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेतको मुख्य कार्यालय तथा सेवा केन्द्र कार्यालयहरुबाट विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि ऋण उपयोग गरेका तपसिलमा उल्लिखित ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, व्याज र हर्जाना समेतको बाँकी बक्यौता रकम तोकिएको म्यादमा नतिरी नबुझाई बाँकी बक्यौता देखिन आएकोले र यस अघि नै उल्लिखित ऋणी सदस्यहरुलाई मौखिक, लिखित तथा एसएमएसका माध्यमबाट ऋणचुक्ता भुक्तानी गर्नको लागि पटक/पटक अनुरोध गर्दा समेत ऋणको साँवा, व्याज र हर्जाना वापतको रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै पनि किसिमको तत्परता नदेखाई संस्थासँग भए गरेका शर्त कबुलियत को उल्लंघन गर्नु भएकोले उल्लिखित ऋणीहरुको नाउंमा बक्यौता ऋण चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मिति ले ३५(पैंतिस) दिन भित्र यस संस्थाको मुख्य कार्यालय वा सम्बन्धित सेवा केन्द्रको कार्यालयहरुमा सम्पर्क राखी सम्पूर्ण ऋणको साँवा,ब्याज र हर्जाना बापतको बाँकी बक्यौता रकम चुक्ता गर्नुहुन सूचित गरिन्छ । उल्लिखित समयावधि भित्र सम्पूर्ण ऋणको साँवा,ब्याज र हर्जाना वापतको रकम चुक्ता नगरेमा तपाई ऋणीले ऋण लिदाँ उपलब्ध गराएको धितो लिलाम गर्ने,ऋणी तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालो सूचीमा समावेश गर्ने लगायत ऋण असुल उपर गरी लिनको लागि सहकारी ऐन ,२०७४ को दफा ७९,सहकारी नियमावली २०७५ को दफा ३०, कर्णाली प्रदेश सहकारी ऐन,२०७५ को दफा ८१ तथा अन्य प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरिने र उक्त प्रक्रियाबाट असुल उपर नभए ऋणीको एकाघर परिवार र ऋणीलाई व्यक्तिगत जमानी दिने जमानिकर्ताको नेपाल भररहेको चल-अचल सम्पत्ति बाट सहकारी ऐन, २०७४ को दफा ८४ बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र कर्जा भुक्तानी गर्न गराउनु हुन सम्बन्धित पक्षलाई यसै सार्वजिनक सूचना मार्फत सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम | जमानी बस्नेको नाम ठेगाना |
|---|---|
| **१. ऋणी : गकुलराज ढकाल**<br>बाबु : ओम प्रसाद ढकाल<br>बाजे : रुपलाल ढकाल<br>ठेगाना : साटाखानी-०३, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर-०८, सुर्खेत<br>ना.प्र.नं.: २०६९१<br>जारी मिति : २०५०।१२।२१  | **१. जमानी दिनेको नाम: रिता ढकाल**<br>पति : गकुलराज ढकाल<br>ससुरा : ओम प्रसाद ढकाल<br>ठेगाना : कोहलपुर-०१, बाँके<br>हाल ठेगाना : वीरेन्द्रनगर-०८, सुर्खेत  |
| **२. ऋणी : जमुना शाही**<br>पति : राम बहादुर शाही<br>ससुरा : विरे शाही<br>ठेगाना: धमाली-०२, अछाम<br>हालके ठेगाना : वीरेन्द्रनगर-०३, सुर्खेत<br>ना.प्र.नं. : ६९।०१।७२।०३५७१<br>जारी मिति: २०७२।११।२७  | **१. जमानी दिनेको नाम : राम बहादुर शाही**<br>बाबु : विरे शाही<br>बाजेः देविमान शाही<br>ठेगाना : धमाली-०२, अछाम<br>हालको ठेगाना : वीरेन्द्रनगर-०३, सुर्खेत  |
| **३. ऋणी : डन्डी प्रसाद सन्ज्याल**<br>बाबु : हिरा जैसी<br>बाजे : मने जैसी<br>ठेगाना : बारला-०२, अछाम<br>हालको ठेगाना : वीरेन्द्रनगर-०२, सुर्खेत<br>ना.प्र.नं.: १३६५३<br>जारी मिति: २०५५।०३।०७  | **१. जमानी दिनेको नाम: कमला सन्ज्याल**<br>पति : डन्डी प्रसाद सन्ज्याल<br>ससुरा : हिरा जैसी<br>ठेगाना : बारला-०२, अछाम<br>हाल ठेगाना : वीरेन्द्रनगर-०२, सुर्खेत |
| **४. ऋणी: नैसरा थापा मगर**<br>पति : जित बहादुर थापा मगर<br>ससुरा : झुम बहादुर थापा<br>ठेगाना : डाँडापराजुल-०७, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर-०७, सुर्खेत<br>ना.प्र.नं. : ६३।०१।७१।०१०१३<br>जारी मितिः २०७१।०४।२३  | **१. जमानी दिनेको नामः जित बहादुर थापा मगर**<br>बाबु : झुम बहादुर थापा<br>बाजे : नर बहादुर थापा मगर<br>ठेगाना: डाँडापराजुल-०७, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर-०७, सुर्खेत  |
| **५. ऋणी: हरिकला गिरी**<br>पति : मिनराज गिरी<br>ससुरा : कर्ण गिरी<br>ठेगाना : बिध्यापुर-०८, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-०९, सुर्खेत<br>ना.प्र.नं. : ६४।१०।७०।००४८५<br>जारी मितिः २०७०।०१।१२  | **१. जमानी दिनेको नामः मिनराज गिरी**<br>बाबु : कर्ण गिरी<br>बाजे : कालु गिरी<br>ठेगाना: बिध्यापुर-०८, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर-०९, सुर्खेत  |
| **६. ऋणी: भरत प्रसाद आचार्य**<br>बाबु : बिष्णु प्रसाद आचार्य<br>बाजेः राम शरण आचार्य<br>ठेगाना : सिंहासैन-०५, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-०३, सुर्खेत<br>ना.प्र.नं. : ६३।०१।७३।०२७३३<br>जारी मितिः २०७३।०९।२९  | **१. जमानी दिनेको नामः : रमेश प्रसाद आचार्य**<br>बाबु : बिष्णु प्रसाद आचार्य<br>बाजेः राम शरण आचार्य<br>ठेगाना: सिंहासैन-०५, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-०३, सुर्खेत  |
| **७. ऋणी : रफी उन मिया**<br>पति : आदम अलि खाँ<br>ससुरा : मोरद खाँ<br>ठेगाना : बुटवल-१३, रुपन्देही<br>हालको ठेगाना: वीरेन्द्रनगर-०४, सुर्खेत<br>ना.प्र.नं. : ३७२०२४।५८८९४<br>जारी मितिः २०५३।०४।०३  | **१. जमानी दिनेको नामः आदम अलि खाँ**<br>बाबु : मोरद खाँ<br>बाजे : उमद खाँ<br>ठेगाना: चण्डीकालिका-०९, स्याङ्गजा<br>हालको ठेगाना : वीरेन्द्रनगर-०४, सुर्खेत  |
| **८. ऋणी: प्रदिप सिंह ठकुरी**<br>बाबु : बलु सिंह<br>बाजे : खड्क सिंह<br>ठेगाना : मटेला-०४, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-१२, सुर्खेत<br>ना.प्र.नं. :<br>जारी मितिः  | **१. जमानी दिनेको नामः भावना चन्द**<br>बाबु : बिरु चन्द<br>बाजे :<br>ठेगाना: चिङ्गाड-०३, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर-१२, सुर्खेत  |
| **९. ऋणी : डिग्र बहादुर कार्की**<br>बाबु : जयरूप कार्की<br>बाजे : लाल बहादुर कार्की<br>ठेगाना : जम्बुकांध-०९, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर-०३, सुर्खेत<br>ना.प्र.नं.:६३२०३५।८८२<br>जारी मिति : २०७३।०७।२३  | **१. जमानी दिनेको नामः जनिता गुरुङ्ग**<br>पति : डिग्र बहादुर कार्की<br>ससुरा : जयरूप कार्की<br>ठेगाना : डुङ्गेश्वोर-०६, दैलेख<br>हाल ठेगाना : वीरेन्द्रनगर-०३, सुर्खेत  |
| **१०. ऋणी: सुर्य बहादुर रावत**<br>बाबु : मान बहादुर रावत<br>बाजेः डिल बहादुर रावत<br>ठेगाना : गौरी-०४, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-०९, सुर्खेत<br>ना.प्र.नं. :१०४०६१।३६२५<br>जारी मिति : २०५९।०७।२७  | **१. जमानी दिनेको नामः डिल कुमारी रावल**<br>पतिः सुर्य बहादुर रावत<br>ससुराः मान बहादुर रावत<br>ठेगानाः नारायण-०८, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर-०९, सुर्खेत  |
| **११. ऋणी : इमादेबी घर्ती मगर**<br>बाबु : नर बहादुर राना<br>बाजेः हस्त बहादुर घर्ती मगर<br>ठेगाना : खरीगैरा- ०८, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-०९, सुर्खेत<br>ना.प्र.नं. : ७७८९३<br>जारी मिति : २०६३।०२।२१  | **१. जमानी दिनेको नामः सन्ध्या घर्ती मगर**<br>बाबु : धनबहादुर घर्ती मगर<br>बाजेः नारायण सिंह घर्ती मगर<br>ठेगाना : वीरेन्द्रनगर-०९, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर-०९, सुर्खेत  |
| **१२. ऋणी : चन्द्रमा रम्तेल सार्की**<br>बाबु : कृष्णे सुनार<br>बाजेः काल बहादुर सुनार<br>ठेगाना : खरीगैरा- ०८, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-१०, सुर्खेत<br>ना.प्र.नं. : ६४।०११७१।०६०१९<br>जारी मिति : २०७१/११/१२  | **१. जमानी दिनेको नामः रिता गुरुँङ्ग**<br>बाबु : नन्द बहादुर थापा मगर<br>बाजेः पल सिं थापा<br>ठेगाना :खरीगैरा-०९, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-१६, सुर्खेत  |
| **१३. ऋणी : मान कुमारी सर्केनी**<br>पतिः आइते सार्की<br>ससुरा : लिले सार्की<br>ठेगाना : लाटीकोइली-०४,सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-०१, सुर्खेत<br>ना.प्र.नं. : १८८५३<br>जारी मिति : २०४०।२।१९  | **१. जमानी दिनेको नामः आइते सार्की**<br>बाबु : लिले सार्की<br>बाजेः भक्ते सार्की<br>ठेगाना : लाटीकोइली-०४, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-०१, सुर्खेत |
| **१४. ऋणी : सरस्वती योगी**<br>पतिः धर्मराज योगी<br>ससुरा : विनोदनाथ योगी<br>ठेगाना : लाटीकोइली-०७, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-१०, सुर्खेत<br>ना.प्र.नं. : ६४१०२०।१०१२२३<br>जारी मिति : २०६७।१०।०९  | **१. जमानी दिनेको नामः धर्मराज योगी**<br>बाबु : बिनोदनाथ योगी<br>बाजेः बालानाथ योगी<br>ठेगानाः लाटीकोइली-०७, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-१०, सुर्खेत  |
| **१५. ऋणी : अर्जुन नेपाली**<br>बाबु : कर्ण बहादुर नेपाली<br>बाजे : गंगे दमाई<br>ठेगाना : वीरेन्द्रनगर-११ ,सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-११, सुर्खेत<br>ना.प्र.नं. : ६४।०१।७३।०१५२९<br>जारी मिति : २०७३।०२।३२  | **१. जमानी दिनेको नामः सिता परियार**<br>पतिः उदय परियार<br>ससुरा : कर्ण बहादुर नेपाली<br>ठेगाना : वीरेन्द्रनगर-११, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-११, सुर्खेत  |
| **१६. ऋणी : चन्द्र बहादुर पुन मगर**<br>बाबु : मोतीराम पुन मगर<br>बाजे : चन्द्र बहादुर पुन मगर<br>ठेगाना : मेहेलकुना-०२, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-११, सुर्खेत<br>ना.प्र.नं. : ६४।३६६४५<br>जारी मिति : २०५६।०७।१२  | **१. जमानी दिनेको नामः इन्द्रा कुमारी पुन मगर**<br>पति : चन्द्र बहादुर पुन मगर<br>ससुरा : मोतीराम पुन मगर<br>ठेगाना : मेहेलकुना-०५, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-११, सुर्खेत  |
| **१७. ऋणी : रत्न प्रसाद जैसी**<br>बाबु : शिव प्रसाद जैसी<br>बाजे : बलभद्र जैसी<br>ठेगाना : कुनाथरी-०६,सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर02-,सुर्खेत<br>ना.प्र.नं. : ४८८५३।९२(०३४)<br>जारी मिति : २०५८।१२।०५  | **१. जमानी दिनेको नामः मीना रखाल**<br>पतिः रत्न प्रसाद जैसी<br>ससुरा : शिव प्रसाद जैसी<br>ठेगाना : नारायण-०९, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर-०२, सुर्खेत  |
| **१८. ऋणी : रिता ढकाल**<br>पति : गकुलराज ढकाल<br>ससुरा : ओम प्रसाद ढकाल<br>ठेगाना : कोहलपुर-०१,बाँके<br>हालको ठेगाना : वीरेन्द्रनगर-०८,सुर्खेत<br>ना.प्र.नं. : १०२०।११२३१८<br>जारी मिति : २०६९।०१।०७  | **१. जमानी दिनेको नामः गकुलराज ढकाल**<br>बाबु : ओम प्रसाद ढकाल<br>बाजे : रुपलाल ढकाल<br>ठेगाना : साटाखानी-०३, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर-०८, सुर्खेत  |

**विस्तृत जानकारीका लागी**

**वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर–०६ सर्खेत ।**
**फोन नं.०८३–५२२३१७/५२३३१७**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# जुम्लामा चारजना निवृत्त कर्मचारीले ई-पेन्सन सेवा लिए



**युग संवाददाता**
**जुम्ला, ८ भदौ ।**

हिमाली जिल्ला जुम्लामा ई-पेन्सन सेवा पाएपछि निवृत्त कर्मचारीलाई निकै सहज भएको छ । पहिलोपटक सरकारका स्थायी कर्मचारीका लागि ई-पेन्सन सेवा सुरु गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मञ्जित अछामीले जानकारी दिए ।

सङ्घीय सरकारको अर्थ मन्त्रालयले सुरु गरेको ई-पेन्सन सेवा जुम्लाबाट सुरु गरी कार्यान्वयनमा ल्याएका छौँ । गतवर्ष चारजना कर्मचारीले ई-पेन्सन सेवा जिल्लाबाटै लिएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक अछामीको भनाई छ ।

सो सेवाअन्तर्गत चन्दननाथ नगरपालिकाबाट निवृत्त कृषि विकास कार्यालयका कृषि अधिकृत कमल थापा क्षेत्रीले पहिलो सेवाग्राहीका रूपमा सेवा लिएका छन् । क्रमशः यातायात व्यवस्था सेवा कार्यालय जुम्लाका प्रशासकीय अधिकृत सत्यबहादुर भण्डारी, आयुर्वेद कर्णाली प्राविधिक कार्यालयका पाँचौ तहका कार्यालय सहयोगी धर्मप्रसाद खनाल र गुठीचौर गाउँपालिका पाँचौं तहका कार्यालय सहयोगी धर्मनन्द धितालले निवृत्तको ई-पेन्सन सेवा लिएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक अछामीले बताए ।

# मलको अभावले बर्दियाका किसान सीमापारिको भरमा ७० किलोमिटर साइकल चलाएर ल्याउँछन् युरिया

**सरला सुवेदी**
**बर्दिया, ८ भदौं ।**

धानमा मल हाल्ने मुख्य समयमा रासायनिक मलको अभाव भएपछि बर्दियाका किसान महँगो मूल्य तिरेर सीमावर्ती क्षेत्रबाट भारतीय युरिया खरिद गर्न बाध्य भएका छन् । सरकारले अनुदानमा उपलब्ध गराउने मल पर्याप्त मात्रामा र समयमा उपलब्ध गराउन नसक्दा किसानहरू जोखिम मोलेर सीमावर्ती क्षेत्रमा पुगेर मल ल्याउने गरेका छन् ।



मधुवन नगरपालिका-४, बाँदरभरियाकी शिवरानी थारू बिहान ६ बजे घरबाट निस्किए । गुलरिया नगरपालिका-१०, रत्नापुरमा भारतीय युरिया पाइन्छ भन्ने खबर पाएपछि उनी मल खोज्दै त्यहाँ पुगेका थिए । भारतबाट अवैध रूपमा ल्याइएको युरिया बल्लतल्ल पाएपछि उनी साँझ करिब ५ बजे घर फर्किए । उनलेसँगै मल लिन जानुभएकी सानुमाया थारू पनि करिब ७० किलोमिटर साइकल चलाएर ५० किलोको एक बोरा युरिया ल्याए । घर पुगेपछि थकित भएर पिँढीमा बसेकी सानुमायाले भनिन, "अझ दुई बोरा मल चाहिन्छ, कसरी ल्याउने हो, सक्दिनँ होला ।"

सानुमाया र शिरानी मात्रै होइन, बर्दियाका धेरै किसान अहिले मलको खोजीमा लामो दूरी साइकल चलाएर सीमावर्ती क्षेत्रमा पुग्ने गरेका छन् । भारततर्फ जान नपाउने किसानहरूले भारतीयहरूले नेपालतर्फ ल्याएको युरिया उनीहरूले तोकेको मूल्यमा खरिद गर्ने गरेका छन् ।

शिवरानीका अनुसार भारतीय युरिया नेपाल आइपुग्दा एक बोरा १ हजार ८ सयदेखि २ हजार रुपैयाँसम्म पर्ने गरेको छ । "नेपालमै मल भएको भए एक हजार एक सय रुपैयाँसम्ममा पाइन्थ्यो," उनले भने, "उता महँगो पनि पर्छ, त्यति राम्रो गुणस्तरको हुन्छ कि हुँदैन भन्ने पनि थाहा हुँदैन ।"

सरकारले सहकारीमार्फत वितरण गर्ने अनुदानको मल लिन पनि किसानले लामो समय लाइन बस्नुपर्ने र आवश्यकताअनुसार मल नपाउने गुनासो गरेका छन् ।

बाँदरभरियाका किसान हरिराम थारूले सरकारी मल पाउन निकै कठिन भएको बताए । "अब त नेपाली मल लिन लाइन बस्नै मन लाग्दैन," उनले भने, "दिनभरि लाइन बस्यो, प्रतिविघा १०-१५ किलो मल दिन्छन् । त्यति मलले धानखेती कसरी गर्ने ?" अर्का किसानले भने मलको अभावले खेतीको लागतसमेत बढेको गुनासो गरे । "खेती गर्ने बेलामा मल खोज्दै बजार र सहकारी धाउनुपर्छ," उनले भने, "मल नपाएपछि अन्तिममा महँगो मूल्यमा भारतीय मल किन्नुपर्ने बाध्यता छ । सरकारको अनुदानको मल किसानका लागि कागजमै सीमित भएको जस्तो लाग्छ ।"

किसानहरूका अनुसार धानमा मल हाल्ने समय घर्किंदै जाँदा उत्पादन घट्ने चिन्ता झन् बढेको छ । "समयमा मल नपाएपछि धानको बोट राम्रो हुँदैन," अर्का किसानले भने, "हामीले वर्षभरि खेतमा मेहनत गर्ने हो, तर मल नपाएर उत्पादन घट्यो भने किसानलाई ठूलो घाटा हुन्छ ।" कृषि सामग्री कम्पनी लिमिटेड, शाखा कार्यालय गुलरियाका अनुसार धानको सिजनका लागि बर्दियामा १ हजार २४४ मेट्रिक टन युरिया सहकारीमार्फत बिक्री-वितरण गरिएको छ ।

# 'आरक्षपीडितको समस्या समाधान गर्न आयोग गठन हुन्छ'

**युग संवाददाता**
**कञ्चनपुर, ८ भदौ ।**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले शुक्लाफाँटा आरक्षबाट विस्थापितको समस्या समाधानका लागि छिट्टै आयोग गठन हुने बताएका छन् । आइतबार जिल्ला प्रशासन कार्यालयमा शुक्लाफाँटा आरक्षबाट विस्थापितको भेलालाई सम्बोधन गर्दै उनले पीडितको मागअनुसार सरकारले आयोग गठन गरी समस्या समाधान गर्ने बताए ।

"आरक्ष विस्थापितको समस्या समाधानका लागि तपाईंहरूका मागअनुसार एकडेढ साताभित्रै आयोग गठन हुँदैछ", मन्त्री रावलले भने, "उक्त आयोगले समस्या समाधानको निकास निकाल्ने छ ।" समस्या समाधानको प्रक्रिया अघि बढिसकेकाले धैर्य गरेर बस्न आग्रह गर्दै उहाँले अब माग लिएर काठमाडौं धाउन नपर्ने बताए । "सरकार समाधानको बाटोमा अघि बढिसकेको छ, आयोगलाई काम गर्न सहयोग गर्नुहोस्", उनले भने ।

आरक्ष विस्थापितका नाममा थप राजनीति नगर्न आग्रह गर्दै मन्त्री रावलले समस्या समाधानको प्रक्रिया अघि बढिसकेको उल्लेख गरे । उनले विस्थापितलाई आन्दोलनका कार्यक्रम अन्त्य गरी आयोगलाई सहयोग गर्न आग्रह गरे ।

वि.सं. २०५८ मा तत्कालीन शुक्लाफाँटा आरक्ष विस्तारका क्रममा विस्थापित भएका करिब दुई हजार आरक्षपीडित विभिन्न स्थानमा कष्टकर जीवन बिताउँदै आएका छन् । पीडितले आफूहरूको उचित व्यवस्थापनको माग गर्दै विभिन्न समयमा आन्दोलन गर्दै आएका छन् ।

त्यसैगरी, मन्त्री रावलले कञ्चनपुरका कृष्णपुर, शुक्लाफाँटा, बेलडाँडी, भीमदत्त र दोधारा चाँदनी नगरपालिकाका भूमिहीन सुकुमवासीसँग भेट गरी सरकारले लालपुर्जा वितरण गर्ने भएकाले ढुक्क भएर बस्न आग्रह गरे । "तपाईंहरूलाई लालपुर्जा दिने बाटो खुलिसकेको छ, कानुनी सुधार पनि भइसकेको छ", उनले भने, "अब जिल्ला भूमि आयोगले छिटो काम अघि बढाएर तपाईंहरूलाई लालपुर्जा दिनेछ ।"

# चार पदाधिकारीका लागि २९ जनाको आवेदन

**युग संवाददाता**
**जुम्ला, ७ भदौ ।**

जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका चार पदाधिकारीका लागि २९ जनाको आवेदन परेको छ । प्रतिष्ठानले शिक्षाध्यक्ष, रजिस्ट्रार, डिन र अस्पताल निर्देशकको नयाँ नियुक्तिका लागि आह्वान गरेकामा २९ जनाको दरखास्त परेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानको पदाधिकारी छनोट तथा सिफारिस समितिका अनुसार शिक्षाध्यक्ष पदमा पाँच, रजिस्ट्रारमा १५, डिनमा आठ र अस्पताल निर्देशक पदमा एक जनाको आवेदन परेको छ । प्रतिष्ठानले गत साउन २८ गते पदपूर्तिका लागि सूचना प्रकाशित गरी यही भदौ ३ गतेसम्म आवेदन दिने समय तोकेको थियो ।

अस्पताल निर्देशक पदमा डा विनम्र विष्टको मात्रै एकल आवेदन परेको छ । सबैभन्दा धेरै आवेदन रजिस्ट्रार पदमा परेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानले 'कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पदाधिकारी छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८३' संशोधनसहित पारित गरेपछि पदाधिकारी छनोट तथा सिफारिसको प्रक्रिया अघि बढेको प्रतिष्ठानले जनाएको छ ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठुलो जोखिम हुन सक्छ: सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्युटर इन्ष्टिच्युट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि :
९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।